प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

घोराही दाङ

प.सं.०७८।०७९
च.नं. ४४०

मिति:२०७९।१।१२

**विषय:-करार सेवामा नियुक्ति दिइएको बारे ।**

श्री मिर्जना चौधरी
राप्ती गा.पा.वार्ड नं २ दाङ ।

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश कृषि खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय अन्तरगतको नेपाल कृषि सेवा (समूहकृत नहुने) ना.प.से.प्रा. सहायकस्तर चौथो पदमा करार सेवाबाट पदपूर्ति गर्न गठित छनौट समितिले मिति २०७९।१।१२ मा गरेको सिफारिश बमोजिम तपाइलाइ नेपाल कृषि सेवा(समूहकृत नहुने) ना.प.से.प्रा. सहायकस्तर चौथो पदमा करार संझौता र तपसिलमा उल्लेखित शर्त पालन गर्ने गरि यस विज्ञ केन्द्रको मिति २०७९।१।१२।को निर्णयानुसार मिति २०७९।१।१२ देखि लागु हुने गरि २०७९ साल असार मसान्त सम्म करार सेवामा नियुक्तिगरिएको छ ।नियुक्ति हुनु भएकोमा हार्दिक बधाइ ज्ञापन गर्दै उच्च आदर्शले उत्प्रेरित भइ काम काज गर्नु हुनेछ भन्ने अपेक्षा गरेको छु।

..........................
सुदाम भट्ट
नि.कार्यालय प्रमुख

तपाइको सेवा शर्त र सुविधा निम्नानुसार हुने छ:

१.कार्यालयको प्रमुखले खटाएको कार्यालय वा स्थानीय तह वा स्थानमा रहि कार्य गर्नु पर्ने छ।

२.नेपाल सरकारको ना.प.से.प्रा.सहायकस्तर चौथो तहको कर्मचारीले पाउने सरहको तलब सुविधा उपलब्ध गराइने छ।

३. सार्वजनिक बिदा बाहेक प्रत्येक महिना १(एक) दिनका दरले वर्षभरिमा १२(बाह्र) दिन क्या. बिदाउपलब्ध गराइने छ।कार्यालय प्रमुखबाट स्वीकृत गराइ बिदा लिनु पर्ने छ।सो बिदा अर्को वर्ष संचित गर्न र सो बाफत पारिश्रमिक वा अन्य सुविधा पाउनु हुने छैन।

४.देहायको अवस्थामा करार संझौता रद्द गर्न सकिने छ।

क. तोकिएको कार्य अवधि पुरा नगरेमा।

ख. मन्त्रालयले खटाएको क्षेत्रमा वा तोकिएको स्थानमा उपस्थित भइ कामकाज नगरेमा।

ग. सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा।

घ. मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुखबाट कारण सहित अवकाश दिन सिफारीश गरेमा।

ङ. निजामती सेवा ऐन र नियमावली बिपरित हुने काम कारबाही वा कसुर गरेमा।

च कार्यक्रमले निरन्तरता नपाएमा।

५.साप्ताहिक रुपमा आफुले सम्पन्न गरेको कार्य प्रगती बिवरण आफु खटिएको निकायमा बुझाउनु पर्ने छ।

६.तोकिए बमोजिमको कार्य बिवरण र करार संझौतामा उल्लेखित सेवा शर्त अनुसार कार्य गर्नु पर्ने छ।

बोधार्थ:

श्री कृषि खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय लुम्बिनी प्रदेश मुकाम बुटवल।

श्री पशुपन्छी तथा मत्स्य बिकास निर्देशनालय बुटवल



CamScanner